## आवेदकहरूले अनलाईन दरखास्त बुझाउँदा ध्यान दिनुपर्ने बिषयहरू :

१. सबै आवेदकहरूले दरखास्त आवेदन फाराम भर्दा दुईवटा छुट्टा-छुट्टै सम्पर्क गर्न सकिने फोन नम्बर राख्नुपर्नेछ ।

२. जुन पदको लागि आवेदन दिने हो, सो पदको लागि आवश्यक पर्ने कागजातहरू मात्र प्रष्ट बुझिने गरी Scan गरी Upload गरी पेश गर्नुपर्नेछ ।

३. अनुभव वा समकक्षताको कागजात पेश गर्दा पानाहरू एउटै pdf फाइल बनाई पेश गर्नुपर्नेछ ।

४. दरखास्त आवेदन छानबिनको क्रममा दरखास्त पेश गर्दा प्रयोग गरेको Email Address मा Notification/Message पठाउने हुँदा आफुले खोल्न सक्ने इमेल मात्र प्रयोग गर्नु हुन अनुरोध छ । साथै Allow Edit दिई नपुग कागजातहरू माग गरेमा आवेदकहरूले उक्त कागजातहरू निश्चित/तोकिएको समयभित्र Allow Edit मा गई Re-Upload गरी पेश गरिसक्नु पर्नेछ ।

५. Allow Edit दिई पेश गर्न लगाइएको कागजात तोकिएको समयभित्र पेश नगर्ने आवेदकको दरखास्त रद्द गर्न सकिनेछ ।

६. आवेदकहरूले कागजात पेश गर्दा सम्बन्धित शीर्षकमा सम्बन्धित कागजातहरू मात्र Upload गरी पेश गर्नुपर्नेछ ।

७. इन्जिनियरिङ्ग पदहरूको लागि नेपाल ईन्जिनियरिङ परिषदबाट जारी सदस्यता प्रमाणपत्र र सि.ए. पदका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी सदस्यता प्रमाणपत्र पेश गर्नुपर्नेछ । बाउजर अपरेटर पदमा भारी सवारी चालक अनुमतिपत्र (Driving License Category-G) को लाइसेन्स Upload गरी पेश गर्नुपर्नेछ । अन्य पदका उम्मेदवारहरूले License पेश गर्नुपर्ने छैन ।

८. नागरिकता प्रमाणपत्र Upload गर्दा Front Side भनेको ठाउँमा अगाडिको भाग मात्र तथा Back Side भनेको ठाउँमा पछाडिको भाग मात्र सुल्टो हुनेगरी Upload गरी पेश गर्नुपर्नेछ । एकै ठाउँ मै दुबै भाग Upload गरेमा मान्य हुने छैन ।

९. पासपोर्ट साइजको फोटो Formal हुनुपर्नेछ । साथै हस्ताक्षर/दस्तखत सादा सेतो कागजमा कालो मसीको डटपेनले मात्र गरी Scan गरी Upload गरी पेश गर्नुपर्नेछ ।

१०. विभिन्न पदहरूको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका सम्बन्धमा जानकारी :

- **प्रवन्धक (लेखा)/तह ८** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त ।

- **प्रवन्धक (मेकानिकल)/तह ८** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग (निर्माण, उपकरण, संम्भार) बिषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त ।

- **प्रवन्धक (सिभिल)/तह ८** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग बिषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त ।

- **उपप्रवन्धक (सि.ए.)/तह ७** : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी कोर्ष उत्तीर्ण ।

- **सहायक प्रवन्धक (प्रशासन)/तह ६** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

- **सहायक प्रवन्धक (लेखा)/तह ६** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण ।
- **सहायक प्रवन्धक (इलेक्ट्रिकल)/तह ६** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
- **सहायक प्रवन्धक (इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन)/तह ६** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
- **सहायक प्रवन्धक (इन्भारोमेन्टल)/तह ६** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्भारोमेन्टल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
- **सहायक प्रवन्धक (इन्डष्ट्रियल)/तह ६** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्डष्ट्रियल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
- **बरिष्ठ सहायक (प्रशासन)/तह ५** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
- **बरिष्ठ सहायक (लेखा)/तह ५** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रविणता प्रमाण पत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
- **बरिष्ठ सहायक (कम्प्यूटर/आइ.टि.)/तह ५** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्यूटर सम्वन्धी (कम्तीमा Basic Office Package and Database) तालिम प्राप्त ।
- **बरिष्ठ सहायक (ल्याव)/तह ५** : मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिष्ट्री विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण ।
- **सहायक (मिस्त्री-मेकानिकल)/तह ४** : T-SLC, एस.एल.सी. वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण र मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट मेकानिकल सम्बन्धी कम्तीमा एकबर्ष तालिम अथवा मेकानिकल कार्यको ३ वर्षको अनुभव ।
- **सहायक (मिस्त्री-इलेक्ट्रिकल)/तह ४** : T-SLC, एस.एल.सी. वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण र मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट इलेक्ट्रिकल सम्बन्धी कम्तीमा एकबर्ष तालिम अथवा इलेक्ट्रिकल कार्यको ३ वर्षको अनुभव ।
- **सहायक (ल्याव)/तह ४** : मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिष्ट्री विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण ।
- **टेक्निसियन/तहविहिन** : T-SLC परीक्षा वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण गरी इलेक्ट्रिकल/मेकानिकल विषयमा ६ महिनाको तालिम वा इलेक्ट्रिकल/मेकानिकल क्षेत्रमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको ।
- **बाउजर अपरेटर/तहविहिन** : आठ कक्षा उत्तीर्ण गरेको र भारी सवारी चालक अनुमति (Driving License Category-G) प्राप्त गरी भारी सवारी चलाएको एक बर्षको कार्य अनुभव प्राप्त भएको ।